# पूर्वाञ्चल विश्वविद्यालय
## विज्ञान तथा प्रविधि संकाय
## स्नातक तहका शैक्षिक कार्यक्रमहरुको

# प्रवेश परीक्षाको आवेदन फारम भर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

पूर्वाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय अन्तर्गत आंगिक एंव सम्बन्धन प्राप्त क्याम्पस र कलेजहरुमा संचालित स्नातकोत्तर तहका Master of computer application ( M.C.A.), M.E.in Earthquake, M.Sc.in Engineering Management, M.Sc. in Information System Engineering, M.Sc. in Meat Technology, M.Sc.in Urban Design & conservation, M.Sc. Nutrition & Dietetics, M.Sc.in Agriculture (Agri-Business Management), Master's in Environmental Administration and Management, P.G.D.C.A (Post Graduate diploma in Computer Application) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७५/०७६ का लागि नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा संचालन गरिने भएकाले उल्लेखित शैक्षिक कार्यक्रमहरुमा आंगिक एंव सम्बन्धन प्राप्त क्याम्पस र कलेजहरुमा आवेदन फारम खुल्ला गरीएकाले भर्ना हुन चाहने इच्छुक आवेदक परीक्षार्थीहरुले सम्बन्धित शैक्षिक संस्थाहरुमा आवेदन फारम भरी बुझाउन सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल :**

१. प्रवेश परीक्षा शुल्क : रु २०००। (दुई हजार मात्र)

२. प्रवेश परीक्षा फारम भर्ने र भराउने अन्तिम म्याद :

क) इच्छुक आवेदक परीक्षार्थीहरुले भर्ना हुन चाहेको क्याम्पसर कलेजहरुमा मिति २०७५।१०।२० गते आइतबार सम्ममा तोकिएको शुल्क एवं आवश्यक कागजातहरु समावेश गरी निर्धारित आवेदन फारम भरी सर्म्बान्धित क्याम्पस र कलेजमा बुझाइसक्नु पर्नेछ ।

ख) सम्बन्धित क्याम्पस र कलेजहरुले मिति २०७५।१०।२३ गते बुधवार दिनको १ बजे भित्र आवेदित परीक्षार्थीहरुको आवेदन फारम, आवेदन फारमसगै सम्बन्धित परीक्षार्थिहरुले बुझाएको आवश्यक शैक्षिक प्रमाणपत्र वा अन्य कागजातहरुलाई क्याम्पस र कलेजबाट प्रमाणित गरी सो को प्रमाणित फोटोकपी आवेदकहरुको नामावली विवरण वर्णानुक्रम (Alphabetical order) शैक्षिक प्रमाणपत्रहरुको स्पष्ट कुल प्राप्तांङ्ग प्रतिशत खुलेको (Pen drive वा CD मा समेत राखी) र नियमानुसारको शुल्क रकम नविल बैंक स्थित पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयको खाता नम्बर ०७०६०१०३१०८०३ मा, मिति २०७५।१०।२१ गते भित्र जम्मा गरेको सक्कल बैंक भौचर लगायत क्याम्पस र कलेजको आधिकारिक पत्र सहित पू.वि परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा अनिवार्य रुपमा बुझाइ सक्नु पर्नेछ । साथै दोब्बर दस्तुर तिरी मिति २०७५।१०।२५ गते शुक्रबार सम्ममा सम्बन्धित शैक्षिक संस्था मार्फत परीक्षार्थीले फारम भर्न सकिने छ र सो दोब्बर दस्तुर वापत बुझाएका फारमहरु सर्म्बान्धित शैक्षिक संस्थाले मिति २०७५।१०।२७ गते आइतवार दिनको ४ बजे भित्र पू.वि परीक्षा व्यवस्थापन कार्यालयमा आइपुग्ने गरी अनिवार्य बुझाइ सक्नु पर्ने छ साथै बैंक भौचर र परीक्षार्थीको संख्या फरक भएको पाइएमा उक्त फारम लिन विश्वविद्यालय बाध्य हुने छैन ।

ग) रीत नपुगी आएका आवेदन फारम वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुको परीक्षा रद्द भएमा सो को जिम्मेवार सम्बन्धित परीक्षार्थी वा सर्म्बान्धित क्याम्पस र कलेज नै हुने छ ।

घ) आवेदन फारमको पछाडी पट्टी (सम्बन्धित क्याम्पसले अनिवार्य विवरण भरी प्रमाणीत गर्नु पर्ने) प्रमाणपत्रहरुको विवरण अनिवार्यरुपमा उल्लेख गरी आवेदकको हस्ताक्षर सहित सम्बन्धित क्याम्पस रकलेजले प्रमाणीत गरी पठाउनु पर्ने छ । यसरी प्रमाणित नभएका फारमहरु रद्द गरीने छ र सो को जिम्मेवार सर्म्बान्धित परीक्षार्थी वा क्याम्पस र कलेज नै हुनेछ ।

ङ) सर्म्बान्धित क्याम्पस र कलेजहरुले आवेदन फारम बुझाउँदा अक्षयकोष बुझाएको प्रमाणपत्र, ठाउँसारी, नाम परीवर्तन, स्वामित्व परीवर्तन गरेको भए सो को स्विकृति पत्र समेत बुझाउनु पर्ने छ ।

३. आरक्षित छात्रवृत्त र सो सम्बन्धि व्यवस्था :

पू.वि छात्रवृत्ति सम्बन्धि व्यवस्था २०६८ बमोजिम विश्वविद्यालयबाट १० प्रतिशत (५ प्रतिशत जेहेन्दार र ५ प्रतिशत आरक्षित) छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको र आरक्षित छात्रवृत्तिका लागि निम्न अनुसारको व्यवस्था गर्नु पर्ने छ ।

क) प्रत्येक क्याम्पस र कलेजले प्रवेश परीक्षाको आवेदन फारम वितरणसँगै क्याम्पस रकलेजमा एउटा छुट्टै छात्रवृत्ति सेल (इकाई) खडा गरी र गराई सो मार्फत इच्छुक आवेदक परीक्षार्थीहरुलाई छात्रवृत्तिको लागि छुट्टै आवेदन फारम वितरण गर्ने वा संकलन गर्ने कार्य गर्नु पर्ने छ ।

ख) छात्रवृत्तिका लागि आवेदन गर्न इच्छुक आवेदक परीक्षार्थीहरुले भर्ना हुन चाहेको कलेज र क्याम्पसमा तोकिएको शुल्क सहित छात्रवृत्तिका लागि निर्धारित छुट्टै रङ्ग (निलो) को आवेदन फारम भरी सोका लागि आवश्यक सम्पूर्ण प्रमाणपत्र , सम्बन्धित निकायको सिफारीस एंव अन्य आवश्यक कागजातहरुको सक्कल प्रति संलग्न गरी आवेदन फारम भरी बुझाउनु पर्ने छ ।

ग) सर्म्बान्धित क्याम्पस र कलेजले छात्रवृत्तिका लागि नियमानुसार आवेदन बुझाएका आवेदित परीक्षार्थीहरुको छुट्टै विवरण, आवेदन फारम, आवेदन फारम संगै सम्बन्धित परीक्षार्थीहरुले बुझाएका आवश्यक शैक्षिक प्रमाणपत्र वा अन्य कागजातहरुको सक्कल प्रति अध्ययन गरी क्याम्पस र कलेजबाटे प्रमाणीत गरी सोको विवरण बर्णानुक्रम (Alphabetical order) शैक्षिक प्रमाण पत्रहरुको स्पष्ट कुल प्राप्तांङ्ग, प्रतिशत खुलेको (पेन ड्राइभ वा सिडीमा समेत राखी) र नियमानुसारको शुल्क रकम जम्मा गरी सो को सक्कल बैंक भौचर लागायत क्याम्पस र कलेजको आधिकारीक पत्र सहित बुझाउनु पर्ने छ ।

४. प्रवेश परीक्षाको मिति, समय र केन्द्र तथा अन्य जानकारी पछि प्रकाशित गरीने छ ।

५. पू.वि. को निर्णयानुसार प्रत्येक शैक्षिक कार्यक्रमका लागी न्यूनतम शैक्षिक योग्यता सर्म्बान्धित विषयमा स्नातक वा सो सरहमा ग्रेडिङ्ग प्रणाली अर्न्तगतमा C+ Grade प्राप्त गरेको हुनु पर्ने र प्राप्तांकको हकमा ५० प्रतिशत अंक त्याई उर्तिण गरेको हुनु पर्ने छ । साथै प्रवेश परीक्षा सम्बन्धी थप जानकारीका लागि